# नेपाल लाइफ
इन्स्योरेन्स

# २६औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८२/०८/२६ गते बसेको संचालक समितिको ४०५औं बैठकको निर्णय बमोजिम कम्पनीको २६औं वार्षिक साधारण सभा निम्न बिषयहरूमा छलफल तथा निर्णय गर्नका लागि देहाय बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मितिः–** **२०८२ साल पौष १९ गते (तदनुसार, ०३ जनवरी २०२६) शनिबार**

**समयः–** **बिहान ९:०० बजे**

**स्थानः–** **होटल भिष्वा, बीरगंज (पर्सा)**

**छलफलको विषयसूचीहरुः**

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व.२०८१/८२ को वार्षिक कार्य प्रगति प्रतिवेदन पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/८२ को वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (हालका लेखापरीक्षक श्री पि.एल. श्रेष्ठ एण्ड कम्पनी पुनः नियुक्तिका लागि योग्य हुनु हुन्छ) ।

४) आ.व. २०८१/८२ को लागि संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पूँजीको १६.०५ प्रतिशत (नगद लाभांश तथा बोनस शेयरको कर सहित) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

५) संस्थापक शेयरधनीहरू (समूह क) को तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ जना संचालकज्यूहरूको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्ताव**

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम विद्यमान चुक्ता पूँजीको ५ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । बोनस शेयर जारी पश्चात हुने शेयर संरचना बमोजिम जारी पूँजी तथा चुक्ता पूँजीलाई तदनुरूप बृद्धि गर्ने । बोनस शेयर वितरण गर्दा कायम हुन आउने दशमलव पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने ।

२) संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उद्देश्य लगायत अन्य आवश्यक समयानुकूल संशोधन गर्ने ।

३) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन/परिमार्जन गर्नु परेमा सोको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

**ग) अध्यक्षज्यूको अनुमतिले अन्य कुनै प्रस्तावहरु ।**

---

## साधारण सभा सम्बन्धी जानकारी

१) साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले सभा हलमा प्रवेशको लागि सक्कल शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको कागजात, प्रकाशित प्रवेशपत्र अथवा आफ्नो कुनै आधिकारिक परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

२) साधारण सभामा सहभागी हुनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन मिति २०८२/०९/१६ गते अपरान्ह १.०० बजेभित्र कम्पनीको रजिष्टर्ड कार्यालय बीरगंज वा प्रधान कार्यालय काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुनु आवश्यक छ ।

३) कम्पनीको शेयर दाखिल खारेजको काम मिति २०८२/०९/०७ गते (एक दिन) बन्द रहनेछ । मिति २०८२/०९/०६ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि.मा कारोबार भई सोही बमोजिम कम्पनीको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले मात्र सो सभाबाट पारित नगद लाभांश तथा बोनस शेयर प्राप्त गर्न सक्नेछन् ।

४) संचालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले सूचना प्रकाशन गरे बमोजिम हुनेछ । उक्त निर्वाचन सम्बन्धी सूचना तथा कार्यक्रम कम्पनीको प्रधान कार्यालय, कमलादी, काठमाण्डौको सूचना पाटीमा टाँस गरिनेछ ।

५) साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान ८:०० बजेदेखि खुल्ला रहनेछ ।

६) कुनै एक शेयरधनीले एक भन्दा बढी ब्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी पठाएकोमा जसको नियुक्ति सबैभन्दा अघिल्लो मितिमा कम्पनीमा प्राप्त हुन्छ निजलाई मात्र प्रतिनिधिको हैसियतले सभामा भाग लिने अधिकार हुनेछ ।

७) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि शेयरधनीहरूले प्रतिनिधि फेरबदल गर्न चाहेमा मिति २०८२/०९/१७ गते दिउँसो १:०० बजे भित्र सोको सूचना कम्पनीको रजिष्टर्ड कार्यालय बीरगंज वा प्रधान कार्यालय, काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ ।

८) नावालक शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

९) संयुक्तरूपमा शेयरधनी कायम गरिएको अवस्थामा कम्पनीको शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मत प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ ।

१०) छलफलका विषयमध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनीहरूले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिवमार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनुपर्नेछ ।

११) साधारणसभा सम्बन्धी थप जानकारीका लागि कम्पनीको प्रधान कार्यालय, कमलादी, काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**पुनश्चः** कम्पनीबाट वार्षिक साधारण सभामा छलफल हुने विषयहरू सहितको सूचना शेयरधनी महानुभावहरूको ठेगानामा पठाईनेछ । कुनै शेयरधनी महानुभावले उक्त सूचना प्राप्त गर्न असमर्थ भएमा यसै सूचनालाई आधार मानी साधारण सभाको बैठकमा उपस्थित हुन अनुरोध गरिन्छ ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

**नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
**रजिष्टर्ड कार्यालयः बीरगंज (पर्सा)**
**प्रधान कार्यालयः क्लासिक कम्प्लेक्स, कमलादी, काठमाडौं**
**फोन नम्बरः ९७७-१-५९७०९७१**
**इमेलः** info@nepallife.com.np
**वेबसाइटः** www.nepallife.com.np